मेरो छिमेकी

पाष्टरीय तालीम पुस्तिका

२१

तालीम र वृद्धि

T&M ®

“आफ्ना छिमेकीलाई मुखले मात्र होइन तर कर्मले प्रेम गर्न समर्थ तुल्याउन प्रभु तपाईले यो पाठलाई प्रयोग गर्नुहोस् ।”

कर्म विनाको प्रेम कपटीपन हो: *“जसरी शरीर आत्माविना मरेको हुन्छ, त्यस्तै गरी विश्वास पनि कामविना मरेको हुन्छ ।”* (याकूब २:२६)

प्रेरित पावलले गलातीहरुलाई विश्वासको जीवनबारे सिकाउनु भयो । नयाँ करारमा भएको यो विश्वासको जीवनले काम गर्दछ । यस पत्रमा पावलले हामीलाई निर्देशन दिनुहुन्छ:

“यसकारण भलाइ गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कतनी गर्नेछौं । यसकारण मौका पाएअनुसार हामी सबै मानिसको भलाइ गर्दैजाऔं, विशेष गरी तिनीहरुको , जो हाम्रो विश्वासका परिवारका हुन् ।” *(गलाती ६:९-१०)*

के तपाई आफ्नो प्रेम कर्ममा प्रकट गर्नमा समर्पित हुनुहुन्छ ?

असल सामरी

असल सामरीको दृष्टान्तद्वारा येशूले कर्ममा प्रेम गर्ने र हस्यलाई चित्रण गर्नुभयो ।

लूका १०:२५-३७ पढ्नोस्, अनि मुख्य बुँदाहरुमा दाग लाउनोस् ।

☐ यसो गर्नुभए पछि यहाँ चिन्ह लाउनोस् ।

व्यवस्थाको पण्डितले सर्वप्रथम येशूलाई कस्तो प्रश्न गरे ? (पद २५)

येशूले तिनलाई तिनकै प्रश्नको उत्तर दिनलाउनु भयो । व्यवस्थाको पण्डितको उत्तर के थियो ? (पद २६-२७)



के उनले सठीक जवाफ दिए ? _____

कर्ममा गरिने प्रेम ईमान्दारी विश्वासबाट जन्मन्छ । हाम्रो विश्वासद्वारा पवित्र आत्मा हामीमा वास गर्नुहुन्छ अनि काम गर्नुहुन्छ । (गलाती ५:२२)

व्यवस्था ६:४-५ ले भन्छ: *"हे इस्राएल सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ । तिमीहरुले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर ।"*

परमेश्वरलाई त्यसरी प्रेम गर्नु भनेको हामीले उहाँको आज्ञालाई सधैं पहिलो स्थान दिनु हो । हाम्रो छिमेकीको निम्ति हाम्रो प्रेम परमेश्वरको निम्ति भएको हाम्रो प्रेमबाट

आउँछ। सबै प्रेम परमेश्वरमा प्रत्युत्पन्न हुन्छ। परमेश्वर प्रेम हुनुहुन्छ। व्यवस्थाको पण्डितले यो कुरा महसूस गरेका थिए। तर उसले यस बारेमा तर्क गर्न चाहन्थ्यो।

उसले प्रभु येशूलाई पद २९ मा के सोध्यो ?

दोस्रो प्रश्नको उत्तर चाहिँ येशूले असल सामरीको कथाद्वारा दिनुभयो।

यरुशलेमदेखि यरीहोसम्म यात्रा गर्ने यहूदीलाई के भएको थियो ?

जब पूजाहारी त्यहाँ आइपुग्यो उसले के गऱ्यो ? (पद ३१)

कुनै पाष्टरले भन्नसक्छः “म प्रभुको काममा यति व्यस्त छु कि कुनै व्यक्तिको शारीरिक खाँचोहरुबारे याद गर्ने समय नै मसंग छैन ।” यसो भन्दा उसले पनि त्यस पूजाहारीले जस्तै ठूलो भूल गरेको हुन्छ ।

जब लेवी आइपुग्यो तब उसले के गऱ्यो ? (पद ३२)

कसैले भन्नसक्छः “हामीहरु ता मण्डलीको खाँचोहरु पूरा गर्नमा समर्पित हुनु अति जरुरी छ । किन एक अति पर देशीप्रति हामी यत्ति जिम्मेदारी बन्नुपर्छ र ?” यस्तो व्यक्तिले चाहिँ लेवीले झैं भूल गरेको हुन्छ ।

आवश्यकतामा परेको व्यक्तिप्रति को चाहिँ दयालु बन्यो ? (पद ३३)

सामरीहरु ता यहूदीहरुको शत्रुहरु थिए । तर यो घाइते यहूदीलाई सामरीले के गऱ्यो ? उसले गरेका तीन कुराहरु तल लेख्नोस् । (पदहरु ३४-३५)

डाँकूहरुको हातमा पर्ने त्यस घाइतेको निम्ति ती तीन व्यक्तिहरुमध्ये को चाहिँ असल छिमेकी ठहरियो भनेर येशूले भन्नुभयो । कामद्वारा आफ्नो प्रेम देखाउनको निम्ति सामरीले के गऱ्यो ? (पदहरु ३६-३७)

लूका १०:२५-३७ को आधारमा एक प्रवचनको रुपरेखा तयार पार्नोस् । यदि तपाई स्वयंले यसो गर्नसक्नुहुन्न भने तलको रुपरेखाको सहायता लिनोस् ।

विषय: व्यावहारिक प्रेम

पढ्नुपर्ने खण्ड: लूका १०:२५-३७

बुँदा १: प्रेम नै हाम्रो ईमान्दारी विश्वासको प्रमाण हो । (पदहरु २५-२९ पढ्नोस् अनि अरु उदाहर णहरु थपेर व्याख्या गरिदिनोस् ।)

बुँदा २: केवल प्रचार गरेर अथवा मण्डलीमा उपस्थित भएर प्रेम प्रकट हुनसक्दैन । (पदहरु ३०-३२ पढ्नोस् अनि अरु उदाहर णहरु थपेर व्याख्या गरिदिनोस् ।)

बुँदा ३: इसाई विश्वास हाम्रा कामहरुद्वारा प्रकट हुँदछन् । (पदहरु ३३-३७ पढ्नोस् अनि अरु उदाहरणहरु थपेर व्याख्या गरिदिनोस् ।)

प्रयोग: इसाई भएको नातामा, हाम्रो छिमेकी खाँचोमा पर्दा हामी उसलाई सहायता गर्दछौं ।
यस प्रकारको प्रेमले हाम्रो ईमान्दारी विश्वासलाई प्रमाण गर्दछ। तपाईका मानिसहरुलाई सोध्नोस् कि उनीहरुले कसलाई आफ्नो प्रेम अझ बढी प्रकट गर्नु परेको छ, अनि उनीहरुले त्यो कसर ी गर्नेछन् ?

अपूर्ण व्यक्ति

परमेश्वरले हामीलाई उहाँलाई अनि एकाअर्कालाई प्रेम गर्न सृष्टि गर्नुभयो । प्रेम नगर्ने व्यक्ति अपूर्ण व्यक्ति हो । एक स्वार्थी इसाई त्यो व्यक्ति जस्तो हो जसले एक पाखुरा, अथवा एक खुट्टा मात्र होइन, तर उसको हृदय नै गुमाएको छ । प्रेमविना उसको प्राण सुक्छ अनि मर्छ ।



प्रेमको अभावमा कतिपय मण्डलीहरु स्वाभाविक रुपमा बढ्नबाट रोकिन्छ । उनीहरुले साँचो र उत्साही प्रेम भएका नयाँ विश्वासीहरुलाई ग्रहण गर्न सक्तैनन् । एक नयाँ विश्वासीको निम्ति, मण्डलीले ग्रहण गर्नु भनेको परमेश्वरले ग्रहण गर्नु जत्तिकै हो । यदि विश्वासीहरुले उसलाई प्रेममा ग्रहण गर्दछन् भने उसले पनि परमेश्वरबाट नै ग्रहण भएको जस्तो महसूस गर्दछ । तर विश्वासीहरुले उसलाई उत्ति राम्रो ध्यान दिँदैनन् भने, परमेश्वरले उसलाई क्षमा गरिसक्नुभएको छ भनेर विश्वास गर्न उसलाई गाह्रो पर्दछ ।

त्यस डरलाग्दो इन्साफको दिनमा प्रेमले नै भिन्नता ल्याउने छ

साँचो विश्वासले प्रेमतर्फ डोऱ्याउँछ। जब सर्वशक्तिमानले विश्वासयोग्य र झूटहरुको बीचमा न्याय गर्नुहुनेछ, त्यसबेला हाम्रा छिमेकीको निम्ति गरिएको प्रेमिलो सेवाहरु नै प्रमाण ठहरिनेछ। येशूले न्यायको यो डरलाग्दो दिनबारे मत्ती २५:३१-४६ मा प्रकट गर्नुभएको छ। परमेश्वरले सारा र ाष्ट्रहरुका भेडा र बाख्राहरुको बीचमा न्याय गर्नुहुनेछ। धेरैले उहाँलाई "प्रभु" भन्नेछन्, तर परमेश्वरले अरु कतिपय गुणहरुको आधारमा भेडा र बाख्राहरु छुट्याउनु हुनेछ। जस-जसले आफ्ना छिमेकीहरुलाई प्रेमिलो सेवाद्वारा व्यवहार गरेका छन्, उनीहरुलाई उहाँले दाँया हातपट्टि राख्नुहुनेछ, अनि उनीहरु उहाँको महिमामा प्रवेश गर्नेछन्। तर जस-जसले उनीहरुको छिमेकीलाई प्रेमसाथ सेवा गर्दैनन्, उनीहरुलाई उहाँले बाँया हातपट्टि राख्नुहुनेछ, अनि यिनीहरुलाई चाहिँ अनन्त आगोको ज्वालामा हालिनेछन्।

भाते इसाईहरु

येशूले आश्चर्यमय तरिकासंग रोटी र माछा खुवाउनु भएपछि धेरै जनाले येशूलाई पछ्याउन थाले । रोटी खान पाएको कारण मात्र उनीहरुले उहाँलाई पछ्याएका हुन् भन्ने कुरा येशूलाई थाहा छ । उहाँले तिनीहरुलाई यसरी सतर्क पार्नुभएको थियो कि उनीहरुलाई जीवन दिने रोटी त उहाँको देह मात्र हो । उनीहरुले अनन्त जीवन पाउनु हो भने, उनीहरुको निम्ति भएको उहाँको बलिदानलाई उनीहरुले व्यक्तिगत रुपमा स्वीकार गर्नैपर्थ्यो अनि उहाँलाई उनीहरुले आफ्ना जीवन अर्पण गर्नैपर्थ्यो । तर उनीहरुले यो कुरा सुन्दा ठेस खाए, अनि तिनीहरुले उहाँलाई त्यागे । (यूहन्ना ६)

हामीले नसोंचेकै बेला, शैतानले विश्वासयोग्यहरुलाई स्वार्थी हुन परीक्षा गर्दछ । यो परीक्षा आउन नदिन, हामीले हाम्रा छिमेकीहरुलाई उदारचित्तले दिनुपर्दछ अनि उनीहरुलाई सेवा पुऱ्याएर हाम्रो प्रेम प्रकट गर्नुपर्दछ ।

येशूले उहाँको मण्डलीद्वारा समाजका समस्याहरु समाधान गर्न चाहनुहुन्छ

व्यावहारिक सेवाद्वारा आफ्नो छिमेकीलाई प्रेम देखाउने मण्डली नै सारा समुदायको निम्ति ज्योति हो ।

दलितहरुलाई स्वतन्त्र पार्न मण्डलीले धेरै संघर्ष गरेको छ । यसले गरीबहरुको हितको निम्ति कानूनहरु बनाएको छ ।

खीष्टमा विश्वासीहरुले नै प्रथम संघहरु बनाएका थिए जसले शोषित कर्मचारीहरुलाई उनीहरुले पाउनु पर्ने उचित ज्याला दिलाएको थियो ।

सुसमाचार प्रचार र मण्डली रोपनका कार्यहरुबाहेक, मिसनेर ीहरुले समाजद्वारा अवहेलित व्यक्तिहरुको निम्ति स्वास्थ्य र शिक्षामा पनि योगदान गरेका छन् ।

मण्डलीहरुले रोगी र गरीबहरुको निम्ति औषधिहरु उपलब्ध गराएका छन् । उनीहरुले नै अवहेलित क्षेत्रहरुमा प्रथम क्लिनिक तथा अस्पतालहरु निर्माण गरेका छन् ।



जहाँ जहाँ मानिसहरुले कष्ट भोगेका छन् ती ठाउँहरुमा उनीहरुले कृषि र औद्योगिक क्षेत्रमा सुधार ल्याउन संघर्ष गरेका छन् ।

साँचो विश्वासीहरुले मानिसहरुको खाँचोप्रति ध्यान दिन्छन् । उनीहरुले सुनिदिन्छन्, उनीहरुले वास्ता गर्छन्, उनीहरुले भेटघाट गर्दछन्, परामर्श दिन्छन् अनि सहयोग पुऱ्याउँछन् । जब हामी कामद्वारा प्रेम गर्दछौं, सारा समुदायमा परिवर्तन आउनेछ । नूनले भित्रसम्म भिजाउँछ । ज्योतिले छर्लङ्ग पार्दछ । कालान्तरमा, सरकारका मानिसहरु इसाईहरु नभए तापनि उनीहरुले सामाजिक सेवाको निम्ति इसाई स्तरलाई स्वीकार्ने छन् ।

अभ्यासको काम

- विश्वासीहरुको निम्ति प्रार्थना गर्नुहोस् ताकि तिनीहरु प्रेममा जर । हालेका र दह्रिला भएका होऊन् ।

- १ यूहन्ना ३:१८ कन्ठ पार्नोस्: *"साना बालकहरु, वचन र बोलीले मात्र प्रेम नगरौं, तर काम र सत्यताले प्रेम गरौं ।"*

- तपाईको मण्डलीलाई असल सामरीको कथा सिकाउनोस् ।

- संयुक्त वा व्यक्तिगत रुपमा तपाईको मण्डलीले कुन कामहरु प्रेममा गरेर देखाउने छन् सो निर्णय गर्न सहयोग गर्नोस् ।

- यी कामहरु गर्नको निम्ति ठीक व्यक्तिहरु चुन्न र प्रोत्साहित गर्न तपाईको मण्डलीलाई सहयोग गर्नोस् ।

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

021NP01A-01